# अर्थ बुलेटिन

वर्ष ५ अंक ५ मंसिर, २०८०

## नेपाल सरकार
## अर्थ मन्त्रालय



## सम्पादकीय

- आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्म कुल राजस्व परिचालन र संघीय खर्च दुवैमा वृद्धि भएको छ। पुँजीगत खर्चमा भने थप सुधार गर्नुपर्ने देखिन्छ। कुल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा बाह्य ऋणको तुलनामा उच्च रहेको छ।
- वस्तु पैठारी घटेकाले वस्तु व्यापार घाटामा ३.१ प्रतिशतले सुधार भएको छ।
- वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिने कामदारको सङ्ख्या घटेपनि विप्रेषण आप्रवाह भने बढेको छ। पर्यटन आगमन उल्लेख्य वृद्धि भएको छ।
- समग्र मूल्यस्तर माथिको दवाब कम हुँदै गएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। फलस्वरुप, विदेशी मुद्रा सञ्चिति उल्लेख्य वृद्धि भएको छ। सञ्चिति पर्याप्तता सूचकाङ्क बढ्दै गएको छ।
- बैङ्किङ्ग क्षेत्रको निक्षेप सङ्कलन र निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा बढेको छ। पूँजी बजार सुधारोन्मूख छ। बीमा प्रिमियम सङ्कलन बढेको छ।
- समग्रमा सार्वजनिक वित्तका सूचकहरु सामान्य रहेका छन् भने बाह्य क्षेत्र थप मजुबुत हुँदै गएको छ। वित्तीय क्षेत्रका परिसूचकहरुमा सुधार हुँदै गएको छ। फलस्वरुप, आर्थिक क्रियाकलापहरु गतिशिल बन्दै गएका छन्।

**प्रकाशन तथा सम्पादन**
**आर्थिक नीति विश्लेषण महाशाखा**
**सिंहदरवार, काठमाडौं**

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्मा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.४ खर्ब ३५ अर्ब २१ करोडको तुलनामा ४.१ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ५३ अर्ब पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु.३ खर्ब ६० अर्ब, पूँजीगत खर्च रु.३६ अर्ब ६ करोड र वित्तीय व्यवस्था तर्फ रु.५६ अर्ब ९४ करोड रहेको छ। यस अवधिको चालु खर्च, पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्चमा क्रमशः १.६ प्रतिशत, ६.१ प्रतिशत र २१.२ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको मंसिर महिनासम्मको खर्चको स्थिति ( रु. करोडमा)**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| चालु | २४६९२ | २८०७४ | ३१७३३ | ३५४२६ | ३६००० |
| पूँजीगत | ३७७७ | ३५९४ | २८४० | ३३९९ | ३६०६ |
| वित्तीय व्यवस्था | १४१७ | ११७७ | ४१३० | ४६९६ | ५६९४ |
| **कुल** | **२९८८६** | **३२८४६** | **३८७०३** | **४३५२१** | **४५३००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०।

२. चालु आर्थिक वर्षको मंसिरसम्मको कुल संघीय सरकारी खर्चमध्ये सबैभन्दा बढी खर्चभार असोज महिनाको खर्च ३४.९ प्रतिशत र सबैभन्दा कम साउन महिनाको खर्च ३.४ प्रतिशत रहेको छ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १२१३.५८ | ८२.३१ | २२०७.८१ | ३५०३.७० | ०.०३४ |
| भदौ | ७५५२.७७ | ७३४.०८ | १३२३.५८ | ९९३०.२३ | ०.२१० |
| असोज | १२५७२.६९ | ९६६.९२ | १४०३.५१ | १४६२३ | ०.३४९ |
| कात्तिक | ५७७८.४३ | १२१५.६३ | ५१२.०९ | ७५०६.१५ | ०.१६१ |
| मंसिर | ८८८२.१० | ६०७.०९ | २४६.९८ | ९७३६.१७ | ०.२४७ |
| **जम्मा** | **३६०००** | **३६०६** | **५६९४** | **४५३००** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०।

### राजस्व परिचालन


३. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्ममा संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको रु.३ खर्ब २६ अर्ब ८९ करोडको तुलनामा ११.२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६३ अर्ब ४३ करोड सङ्कलन भएको छ। कुल राजस्वमा कर राजस्व रु.३ खर्ब ३७ अर्ब १९ करोड र गैरकर राजस्व रु.२६ अर्ब २४ करोड रहेको छ। साथै, यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु.३ खर्ब ८१ अर्ब १७ करोड भएको छ।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो पाँच महिनाको राजस्व परिचालनको स्थिति (रु. करोडमा)**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| कर | २८८६७ | २८४५८ | ३८०२३ | ३०१४६ | ३३७१९ |
| गैरकर | २०१५ | १६७० | ३२१७ | २५४३ | २६२४ |
| जम्मा | ३०८८२ | ३०१२९ | ४१२४० | ३२६८९ | ३६३४३ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०।


**चार्ट (क): पछिल्लो ५ आर्थिक वर्षको पहिलो पाँच महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रु.करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०।

४. आर्थिक वर्ष २०७९/८० मा मंसिरसम्म राजस्व सङ्कलनमा २०.७ प्रतिशतले कमी आएको थियो भने चालु आर्थिक वर्षमा समग्र राजस्व सङ्कलनमा ११.२ प्रतिशतले वृद्धि भएको छ। चालु आर्थिक वर्षमा सरकारले करसुधार अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको सूचीमा संशोधन गरेको कारण अन्तःशुल्क सङ्कलनमा कमी आएको हो।

**चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको मंसिर महिना सम्मको सङ्कलित राजस्वको संरचना**




आ.व. २०७९/८० आ.व.२०८०/८१

स्रोतः अर्थ मन्त्रालय, २०८०।

५. चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुल, आय कर र शिक्षासेवा शुल्कको योगदानमा वृद्धि भएको छ भने गैरकर, अन्तःशुल्क र मूल्य अभिवृद्धि करको योगदान घटेको छ।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको मंसिर महिनासम्मको राजस्व असुलीको विवरण (रु.. करोडमा)**

| कर शीर्षक | आ.व. २०७९/८० मंसिरसम्मको सङ्कलन | आ.व. २०८०/८१ वार्षिक लक्ष्य | आ.व.२०८०/८१ मंसिरसम्मको लक्ष्य | असूली | मंसिरसम्मको लक्ष्यको तुलनामा असूली % | वार्षिक विन्दुगत प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| भन्सार महशुल | ७०४४.६१ | ३०७४३.७७ | १०४४१.०३ | ७९५९.३९ | ७६.२ | १३.० |
| मूल्य अभिवृद्धि कर | १०७७४.७८ | ४२५८९.१४ | ११३३०.८७ | ११५३५.२६ | १०१.८ | ७.१ |
| उत्पादन, बिक्री, सेवा | ४२०७.३८ | १५७२१.६२ | ३६४४.१८ | ४५१८.७१ | १२४.० | ७.४ |
| पैठारी | ६५६७.४० | २६८६७.५२ | ७६८६.६९ | ७०१६.५५ | ९१.३ | ६.८ |
| अन्तःशुल्क | ५९२६.८४ | २०७२२.१४ | ५२१०.५१ | ५६६७.२७ | १०८.८ | -४.४ |
| आन्तरिक उत्पादन | ४५६७.१४ | १५५५८.५५ | ३६०६.३८ | ४१०९.४० | ११३.९ | -१०.० |
| पैठारी | १३५९.७० | ५१६३.५९ | १६०४.१३ | १५५७.८७ | ९७.१ | १४.६ |
| शिक्षा सेवा शुल्क | ६०.८२ | २८१.०२ | ६५.१४ | १३४.६५ | २०६.७ | १२१.४ |
| आयकर | ६३३९.४० | ३६२११.८९ | ८३९३.७१ | ८४२२.१० | १००.३ | ३२.९ |
| आयकर | ४८३४.६२ | ३०२३१.६२ | ७००७.५१ | ६६९५.१३ | ९५.५ | ३८.५ |
| ब्याज कर | १५०४.७८ | ५९८०.२७ | १३८६.१९ | १७२६.९६ | १२४.६ | १४.८ |
| कर राजस्व जम्मा | ३०१४६.४५ | १३०५४७.९६ | ३५४४१.२६ | ३३७१८.६६ | ९५.१ | ११.८ |
| गैर कर जम्मा | २५४२.५६ | ११७०६.२१ | २९५९.०३ | २६२४.२५ | ८८.७ | ३.२ |
| कूल राजस्व | ३२६८९.०1 | १४२२५४.१७ | ३८४००.२९ | ३६३४२.९२ | ९४.६ | ११.२ |
| अन्य प्राप्ति | २७५२.१५ | ०.०० | | १७७३.६९ | | |
| जम्मा राजस्व/प्राप्ति | ३५४४१.१६ | १४२२५४.१७ | ३८४००.२९ | ३८११६.६१ | ९९.३ | ७.५ |

स्रोतः अर्थ मन्त्रालय।

*#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।*

६. गत आर्थिक वर्षको मंसिर महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा शिक्षा सेवा शुल्कमा उल्लेख्य वृद्धि भएको छ भने अन्तशुल्क सङ्कलनमा कमी आएको छ। अन्य शीर्षकका कर सङ्कलनमा वृद्धि भएको छ।

७. चालु आर्थिक वर्षको मंसिर महिनासम्म शिक्षा सेवा शुल्क र ब्याज कर सङ्कलन लक्ष्यभन्दा बढी भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ९४.६ प्रतिशत सङ्कलन भएको छ भने वार्षिक राजस्व लक्ष्यको २५.६ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रु.२ खर्ब ८० अर्ब ८६ करोडको तुलनामा १२.७ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १६ अर्ब ५० करोड रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रु.४६ अर्ब ३ करोडको तुलनामा २.० प्रतिशतले वृद्धि भई रु.४६ अर्ब ९३ करोड रहेको छ।

## करको दायरा विस्तार

९. २०८० मंसिरसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ५८ लाख ५४ हजार १ सय २८ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ३८ लाख ९६ हजार ६ सय ९९ (६६.६ प्रतिशत) पुगेको छ। त्यस्तै, व्यावसायिक स्थायी लेखा नम्बर लिने १९ लाख २६ हजार ७ सय ७१ (३२.९ प्रतिशत) र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ३० हजार ६ सय ५८ (०.५ प्रतिशत) रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख २० हजार २ सय ५० र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २१ हजार ८ सय ४३ पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८० असारसम्म | २०७९/८० मंसिरसम्म | २०८०/८१ मंसिरसम्म | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १८७६३०५ | ६४७२६ | ५०४६६ | १९२६७७१ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | २८१०७ | ४७०८ | २५५१ | ३०६५८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ३६४९६१४ | २३५३४५ | २४७०८५ | ३८९६६९९ |
| **जम्मा स्थायी लेखा नम्बर** | **५५५४०२६** | **३०४७७९** | **३००१०२** | **५८५४१२८** |
| मू.अ.कर | ३०८४७७ | १०५०५ | ११७७३ | ३२०२५० |
| अन्तः शुल्क | ११६६७५ | ५९८५ | ५१६८ | १२१८४३ |

स्रोतः आन्तरिक राजस्व विभाग ।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता रु.५८ अर्ब १७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रु.१ खर्ब ९ अर्ब ४ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये अनुदान सहायता ३१.७ प्रतिशत र ऋण सहायता ६८.३ प्रतिशत प्राप्त भएको छ। यस अवधिमा प्राप्त भएको वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी स्वास्थ्य क्षेत्रमा २९.० प्रतिशत रहेको छ। कुल सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी एशियाली विकास बैंक, विश्व बैंक, र युरोपियन युनियनबाट क्रमशः ४५.६ प्रतिशत, २८.१ प्रतिशत र १८.३ प्रतिशत रहेको छ।

**चार्ट (ग): चालु आर्थिक वर्षको मंसिर महिनासम्मको कुल वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत संरचना (प्रतिशतमा)**




स्रोतः अर्थ मन्त्रालय।


१२. चालु आर्थिक वर्षको मंसिर महिनासम्म आन्तरिक ऋणतर्फ रु.४२ अर्ब ८४ करोड र बाह्य ऋणतर्फ रु.१६ अर्ब ५३ करोड गरी कुल साावाँ भुक्तानी रु.५९अर्ब ३७ करोड रहेको छ। यसैगरी, यस अवधिमा आन्तरिक ऋणतर्फ रु.२७ अर्ब ७२ करोड र बाह्य ऋणतर्फ रु.४ अर्ब ६७ करोड गरी कुल ब्याज भुक्तानी रु.३२ अर्ब ३९ करोड रहेको छ।

१३. चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा संघीय सरकारले कुल रु.२ अर्ब ७६ करोड वैदेशिक अनुदान प्राप्त गरेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु.३ अर्ब ४२ करोड वैदेशिक अनुदान प्राप्त गरेको थियो।

१४. संघीय सरकारले आर्थिक वर्ष २०८०/८१ को पहिलो पाँच महिनामा रु.१ खर्ब ११ अर्ब ३१ करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ। त्यसैगरी, यस अवधिमा रु.१९ अर्ब ९७ करोड बराबरको बाह्य ऋण प्राप्त भएको छ। समग्रमा, यस अवधिमा सरकारले रु.१ खर्ब ३१ अर्ब २८ करोड बराबरको सार्वजनिक ऋण परिचालन गरेको छ।

१५. २०८० मंसिरसम्म सरकारको कुल तिर्न बाँकी सार्वजनिक ऋण रु.२३ खर्ब ७१ अर्ब २६ करोड पुगेको छ। जसमध्ये आन्तरिक ऋण ५०.५ प्रतिशत र बाह्य ऋण ४९.५ प्रतिशत रहेको छ। २०७९ मंसिरसम्म संघीय सरकारको कुल तिर्न बाँकी ऋण रु.२० खर्ब ७ अर्ब १३ करोड रहेको थियो। जसमध्ये आन्तरिक ऋण ४८.२ प्रतिशत र बाह्य ऋण ५१.८ प्रतिशत रहेको थियो।

चार्ट (घ): तिर्न बाँकी ऋणको अवस्था (रु. करोडमा)




स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८०।

## वित्तीय क्षेत्र

१६. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्म बैङ्क तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ४.६ प्रतिशतले वृद्धि भएको छ भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २.३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बैङ्क तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप २.२ प्रतिशतले वृद्धि भएको थियो भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १.६ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिमा वार्षिक विन्दुगत आधारमा निक्षेप र निजी क्षेत्रमा जाने कर्जा प्रवाह क्रमशः १५.० प्रतिशत र ४.५ प्रतिशतले वृद्धि भएको छ।

१७. २०७९ मंसिर मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या १२५ रहेकोमा गाभ्ने/गाभिने प्रक्रिया मार्फत् २०८० मंसिरसम्म यस्तो संख्या ११२ कायम भएको छ। २०७९ मंसिर मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११,६५० रहेकोमा २०८० मंसिरमसान्तमा ११,५७० कायम रहेको छ।

## बीमा क्षेत्र

१८. चालु आर्थिक वर्षको मंसिर महिनासम्म जारी भएको कुल जीवन बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.६ प्रतिशतले कमी आई १ करोड ३७ लाख ६२ हजार ५ सय ५३ रहेको छ। भने निर्जिवन बीमालेख संख्या मा २.२ प्रतिशत वृद्धि भई ११ लाख ७२ हजार ४ सय ४७ पुगेको छ।


१९. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.६७ प्रतिशतले वृद्धि भई रु.७७ अर्ब ५१ करोड पुगेको छ। गत आर्थिक वर्षमा उक्त रकम रु.७५ अर्ब ४९ करोड रहेको थियो।

२०. चालु आर्थिक वर्षको मंसिर महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ४३.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४४.० प्रतिशत रहेको थियो।

## पूँजी बजार

२१. २०७९ मंसिर मसान्तमा १८८२.६१ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८० मंसिर मसान्तमा १९९४.६० विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण १३.१ प्रतिशतले वृद्धि भई रु.३० खर्ब ७६ अर्ब ५२ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम १९.८ प्रतिशतले न्यून भई रु.२७ खर्ब २१ अर्ब ११ करोड रहेको थियो।


चार्ट (ङ): पछिल्लो ७ आर्थिक वर्षको मंसिर मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८०।

२२. २०८० मंसिर महिनाको ४ गते १८५३.४८ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावको बीच महिनाको अन्तिम कारोवार भएको दिन मंसिर २८ गते १९९४.६० विन्दु कायम भएको छ। मंसिर महिनामा नेप्से सूचकाङ्क सबैभन्दा बढी मंसिर २८ गते १९९४.६० विन्दु र सबैभन्दा कम मंसिर ५ गते १८२९.६५ विन्दुमा रहेको थियो।

चार्ट (च): २०८० मंसिर महिनाको नेप्से सूचकाङ्क





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८०।

## मूल्य स्थिति

२३. २०८० मंसिर महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ४.९५ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ७.३८ प्रतिशत रहेको थियो।

चार्ट (छ) :वार्षिक बिन्दुगत उपभोक्ता मुद्रस्फीति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक।

२४. २०८० मंसिरमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.१० प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.८४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ५.८५ प्रतिशत र ८.५९ प्रतिशत रहेको थियो ।

## मुद्रा प्रदाय

२५. वार्षिक विन्दुगत आधारमा २०८० मंसिर मसान्तमा विस्तृत मुद्राप्रदाय १४.४ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो पाँच महिनामा विस्तृत मुद्रा प्रदाय ४.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रा प्रदाय १.९ प्रतिशतले बढेको थियो।

## बाह्य क्षेत्र

२६. आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको पहिलो पाँच महिनासम्मको कुल वस्तु निर्यात वृद्धि हुँदै गएकोमा त्यसपछिका आर्थिक वर्षहरुमा घट्दो प्रवृत्तिमा रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा निर्यात आयात अनुपात ८.१ प्रतिशत रहेको थियो भने कुल व्यापारमा निर्यातको अंश ११.२ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो पाँच महिनामा यस्तो अनुपात क्रमशः १०.२ प्रतिशत र ९.० प्रतिशत रहेको छ।

**तालिका (च): पछिल्लो पाँच आर्थिक वर्षको मंसिर महिनासम्मको वस्तु व्यापारको विवरण**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| आयात (रु.करोडमा) | ५८१२५.६६ | ५२५४९.५६ | ८३,८४०.७१ | ६६४७४.७१ | ६४२२०.९८ |
| निर्यात (रु.करोडमा) | ४७६१.५९ | ५००५.५६ | १०,२९१.९३ | ६७३०.४१ | ६३२०.६८ |
| कुल व्यापार (रु.करोडमा) | ६२८८७.२५ | ५७५५५.१२ | ९४१३२.६४ | ७३२०५.१२ | ७०५४१.६६ |
| व्यापार घाटा (रु.करोडमा) | ५३३६४.०७ | ४७५४४.०० | ७३५४८.७८ | ५,७४४.३० | ५७९००.३० |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | १२.२ | १०.५ | ८.१ | ९.९ | १०.२ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ७.५ | ९.१ | ११.२ | ९.३ | ९.० |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९२.५ | ९०.९ | ८८.८ | ९०.७ | ९१.० |

स्रोतः भन्सार विभाग।

## वस्तु निर्यात

२७. आर्थिक वर्ष २०८०/८१ को पहिलो पाँच महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.१ प्रतिशतले कमी भई रु.६३ अर्ब २१ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ३४.६ प्रतिशतले न्यून भई रु.६७ अर्ब ३० करोड रहेको थियो। यस अवधिमा फलामे पाता, प्लाइउड, फलफुलको जुस, अलैंची लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ भने प्रशोधित पाम तेल, सोयाविन तेल, चिया, ऊनी गलैंचा कार्पेट लगायतका वस्तुको निर्यात घटेको छ। विगतका वर्षमा पाम तेल र भटमासको प्रशोधित तेलको निर्यात उच्च भएर कुल वस्तु निर्यात उच्च दरले वृद्धि भए तापनि हाल ती वस्तुको निर्यात घटेको छ।

२८. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरु.तर्फ भएको निर्यातको अंश क्रमशः ६६.५ प्रतिशत, १.६ प्रतिशत र ३१.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष यस्तो निर्यात क्रमशः ७०.४ प्रतिशत, ०.४ प्रतिशत र २९.२ प्रतिशत प्रतिशत रहेको थियो।

२९. यस अवधिमा भारततर्फ भएको निर्यात ११.३ प्रतिशतले कमी आएको छ भने चीन तर्फको निर्यात ३२२.३ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको मंसिर महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| फलामे पाता | २१५.४१ | ५०१.५५ | १३२.८४ |
| सेन्थेटिक यार्न | ४७६.५५ | ४८८.५१ | २.५१ |
| उनी गलैंचा कार्पेट | ४७८.३१ | ४५३.०४ | -५.२८ |
| तयारी कपडा | ३६७.३८ | ४११.४८ | १२.०० |
| फलफुलको जुस | २२६.७४ | ३४०.२६ | ५०.०७ |
| अलैची | २७२.८३ | ३०९.८६ | १३.५७ |
| प्लाइउड | १३६.८२ | २८९ | १११.२३ |
| प्रशोधित पाम तेल | १०८७.३३ | २४७.७१ | -७७.२२ |
| जमोठ कपडा | २३१.९४ | २१४.२१ | -७.६४ |
| जुटका बुनिएका कपडा | २१४.७७ | १९८.४५ | -७.६० |
| अन्य | ३०२२.३३ | २८६६.६१ | -५.१५ |
| **जम्मा** | **६७३०.४१** | **६३२०.६८** | **-६.०९** |

स्रोतः भन्सार विभाग, २०८० ।

## वस्तु आयात

३०. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.४ प्रतिशतले संकुचित भई रु.६ खर्ब ४२ अर्ब २१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात २०.७ प्रतिशतले कमी आई रु.६ खर्ब ६४ अर्ब ७५ करोड रहेको थियो।

३१. चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा एच.आर सीट, तयारी कपडा लगायतका वस्तुको आयात बढेको छ भने सुन, एलपी ग्यास, डिजेल लगायतका वस्तुको आयात घटेको छ।

३२. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरु.बाट क्रमशः ६१.५ प्रतिशत, १९.५ प्रतिशत र १९.० प्रतिशत आयात भएको छ। गत आर्थिक वर्षमा यस्तो अंश क्रमशः ६०.२ प्रतिशत, १४.२ प्रतिशत र २५.६ प्रतिशत रहेको थियो।

३३. यस अवधिमा भारतबाट भएको आयात १.३ प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३२.८ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (ज) : पछिल्लो दुई आर्थिक वर्षको मंसिर महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (रु. करोडमा)**


| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ५५४८.६ | ५३९०.३३ | -२.८५ |
| पेट्रोल | २८५९.६१ | २८५५.८७ | -०.१३ |
| एल पि ग्यास | २३७५.८९ | २०६५.६१ | -१३.०६ |
| एचसिट.आर. | २४८.०२ | १७५१.२३ | ६०६.०८ |
| तयारी कपडा | १२०२.८ | १७४४.७८ | ४५.०६ |
| शुद्ध फलाम | १५१७.१३ | १४९५.६८ | -१.४१ |
| मोवाइल टेलिफोन | १२३७.०१ | १४११.८९ | १४.१४ |
| अन्य एलोपेथीक औषधी | ९७४.५९ | १०९६.९६ | १२.५६ |
| सुन | २६४४.४५ | १०८५.८२ | -५८.९४ |
| पोलीथिन दाना | ११०८.७३ | ९८९.४३ | -१०.७६ |
| अन्य | ४६७५७.८८ | ४४३३३.३८ | -५.१९ |
| **जम्मा** | **६६४७४.७१** | **६४२२०.९८** | **-३.३९** |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन

३४. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.१ प्रतिशतले कमी आई रु.५ खर्ब ७९ अर्ब पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा १८.८ प्रतिशतले घटेर रु.५ खर्ब ९७ अर्ब ४४ करोड पुगेको थियो।


**चार्ट (ज) :पछिल्लो ५ आर्थिक वर्षको पहिलो पाँच महिनाको वस्तु व्यापार घाटाको स्थिति (रु अर्बमा)**




स्रोतः भन्सार विभाग

३५. आर्थिक वर्षमा २०७८/७९ मा मंसिर महिनामा व्यापार घाटा उच्च भएको थियो भने त्यसपछिका आर्थिक वर्षमा वस्तु व्यापार घाटामा सुधार हुँदै गएको छ।

**चार्ट (झ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो पाँच महिनाको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

३६. नेपालको कुल व्यापारमा निर्यातको अंश न्यून रहेको छ। विगत पाँच आर्थिक वर्षको पहिलो पाँच महिनामा कुल व्यापारमा निर्यातको हिस्सा आर्थिक वर्ष २०७८/७९ सम्म वृद्धि हुँदै आएकोमा त्यस पछिका वर्षमा पुनः घट्न थालेको छ। चालु आर्थिक वर्षको मंसिर महिनासम्मको कुल व्यापारमा निर्यात र आयातको अंश क्रमशः ९.० प्रतिशत र ९१.० प्रतिशत रहेको छ।

## सेवा व्यापार

३७. आर्थिक वर्ष २०८०/८१ को पहिलो पाँच महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु.७१ अर्ब ६६ करोडको तुलनामा ३५.० प्रतिशतले वृद्धि भई रु.९६ अर्ब ७६ करोड पुगेको छ। यस अवधिमा सेवा खर्च रु.१ खर्ब २ अर्ब ६१ करोडको तुलनामा २०.५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २३ अर्ब ६९ करोड पुगेको छ।

३८. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्म खुद सेवा आय रु.२६ अर्ब ९३ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रु.३० अर्ब ९६ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३९. चालु आर्थिक वर्षको मंसिर महिनासम्म वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्यामा घटेपनि विप्रेषण आप्रवाहमा भने उल्लेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्ममा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रु.४ खर्ब ८० अर्ब ५१ करोडको तुलनामा २७.६ प्रतिशतले बढेर रु.६ खर्ब १३ अर्ब २५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २३.० प्रतिशतले वृद्धि भएको थियो। यस अवधिको विप्रेषण आप्रवाह अमेरिकी डलरमा १३.१ प्रतिशतले वृद्धि भएको छ।

४०. चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा वैदेशिक रोजगारीमा जान अन्तिम श्रम स्वीकृति लिएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २१.३ प्रतिशतले कमी आई २ लाख ७७ हजार ५ सय ९२ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ३ लाख ५२ हजार ७ सय २७ रहेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १०.३ प्रतिशतले घटेर १ लाख ४ हजार ३७ रहेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४१. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्म शोधनान्तर स्थिति रु.२ खर्ब १० अर्ब ५९ करोड बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.४५ अर्ब ८६ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रु.१ खर्ब ४० अर्ब २३ करोडले बचतमा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रु.४१ अर्ब २१ करोडले घाटामा रहेको थियो।

४२. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्म शोधनान्तर स्थिति अमेरिकी डलरमा १ अर्ब ५८ करोड बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ३४ करोड ६८ लाख बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता अमेरिकी डलरमा १ अर्ब ५ करोडले बचतमा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता ३२ करोड २२ लाखले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४३. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्म विदेशी विनिमय सञ्चिति गत वर्षको सोही अवधिको रु.१२ खर्ब ९२ अर्ब २६ करोडको तुलनामा ३६.७ प्रतिशतले वृद्धि भई रु.१७ खर्ब ६७ अर्ब ४ करोड कायम भएको छ।

४४. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्म विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा गत वर्षको सोही अवधिको ९ अर्ब ८० करोडको तुलनामा ३५.८ प्रतिशतले वृद्धि भई १३ अर्ब ३१ करोड कायम भएको छ।

४५. आर्थिक वर्ष २०८०/८१ को पहिलो पाँच महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४.१ महिनाको वस्तु आयात र ११.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर


४. २०८० असार मसान्तको तुलनामा २०८० मंसिर मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.०१ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३२.५१ पुगेको छ। २०८० असार मसान्तमा उक्त विनिमय दर रु. १३१.१७ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

५. आर्थिक वर्ष २०८०/८१ को मंसिर महिनासम्म दर्ता भएका कम्पनीको संख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा कमी आई १० हजार ४२ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कम्पनी दर्ता १० हजार १सय १७ रहेको थियो।

चार्ट (ञ): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो पाँचमहिनाको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय ।

### पर्यटक आगमन

४६. सन् २०२३ मा नेपाल आउने पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भई १० लाख १४ हजार ८ सय ७६ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ५ लाख ४६ हजार २ सय १६ रहेको थियो। २०२३ को अन्तिम ५ महिनामा अगष्ट, सेप्टेम्बर र अक्टोवर र नोभेम्वर महिनाको कुल पर्यटक आगमन ३ लाख ८४ हजार १ सय १ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिको पर्यटक आगमन २ लाख ६० हजार ८ सय ५३ रहेको थियो।

४७. चालु आर्थिक वर्षको पहिलो पाँच महिनासम्ममा पर्यटन क्षेत्रबाट प्राप्त हुने भ्रमण आय ४७.५ प्रतिशतले वृद्धि भई रु.३३ अर्ब ९५ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो आय रु.२३ अर्ब १ करोड प्राप्त भएको थियो।

४८. यस अवधिमा भ्रमण खर्च ५९.५ प्रतिशतले वृद्धि भई रु.६१ अर्ब ९२ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो भ्रमण खर्च रु..४७ अर्ब ४८ करोड रहेको थियो।

### विद्युत खपत

४९. २०८० को मंसिर महिनामा कुल विद्युत उपलब्धता ९ लाख ७३ हजार ५ सय ७८ मेगावाट घण्टा रहेको थियो। यस अवधिको कुल विद्युत माग ८ लाख ६० हजार ९ सय ९८ मेगावाट घण्टा रहेको थियो। उपलब्ध विद्युत मध्ये ८ लाख ५८ हजार ३ सय ४३ मेगावाट घण्टा विद्युतको आन्तरिक खपत भएको थियो भने १ लाख १५ हजार २ सय ३५ मेगावाट घण्टा विद्युत भारत निर्यात गरिएको थियो।

| समष्टिगत आर्थिक परिसूचकहरु. | | | | | | |
|---|---|---|---|---|---|---|
| **सूचक/परिसूचकहरु.** | **आर्थिक वर्ष २०८०/८१** | | | | | |
| | **मान/ प्रतिशत** | **साउनसम्म** | **भाद्रसम्म** | **असोजसम्म** | **कार्तिकसम्म** | **मंसिरसम्म** |
| **वास्तविक क्षेत्र** | | | | | | |
| आर्थिक वृद्धि (%) | प्रतिशतमा | वार्षिक लक्ष्य ६.० प्रतिशत | | | | |
| **उपभोक्ता मुद्रास्फीति** | **प्रतिशतमा** | **७.५२%** | **८.१९%** | **७.५०%** | **५.३८%** | **४.९५%** |
| खाद्य तथा पेय पदार्थ | प्रतिशतमा | ८.९५% | ९.७४% | ८.३८% | ६.०१% | ५.10% |
| गैर खाद्य तथा सेवा | प्रतिशतमा | ६.४२% | ६.९९% | ६.८1% | ४.८९% | ४.८४% |
| **सार्वजनिक वित्त** | | | | | | |
| कर राजस्व | रु. करोडमा | ७०1८ | 1२७९६ | 1९९४६ | २५४३० | ३३७1९ |
| गैर कर राजस्व | रु. करोडमा | ८७० | 1३1२ | 1९६५ | २२३४ | २६२४ |
| **कूल राजस्व** | **रु. करोडमा** | **७८८७** | **1४1०८** | **२1९1२** | **२७६६४** | **३६३४३** |
| अन्य प्राप्ति | रु. करोडमा | ९२६ | 1३1६ | 1५४६ | 1६२६ | 1७७४ |
| **जम्मा राजस्व/प्राप्ति** | **रु. करोडमा** | **८८1४** | **1५४२४** | **२३४५७** | **२९२९०** | **३८11७** |
| **बाँटफाँट हुने राजस्व** (प्रदेश र स्थानीय तहमा (बाँडफाँट अघिको रोयल्टी बाहेक)) | **रु. करोडमा** | **९५३** | **1८००** | **२८००** | **३५५८** | **४६९३** |
| **संघीय सरकारको राजस्व (बाँडफाँट अघिको रोयल्टी समेत)** | **रु. करोडमा** | **७८६०** | **1३६२४** | **1९111** | **२४०८६** | **३1६५०** |
| चालु खर्च | रु. करोडमा | 1२1४ | ८७६६ | २1३३९ | २७11७ | ३६००० |
| पूँजीगत खर्च | रु. करोडमा | ८२ | ८1६ | 1७८३ | २९९९ | ३६०६ |
| वित्तीय व्यवस्था | रु. करोडमा | २२०८ | ३५३1 | ४९३५ | ५४४७ | ५६९४ |
| **कुल सार्वजनिक खर्च** | **रु. करोडमा** | **३५०४** | **1३11४** | **२८०५७** | **३५५६३** | **४५३००** |
| प्रदेशमा हस्तान्तरित अनुदान रकम | **रु. करोडमा** | | | | | **२९६०** |
| स्थानीय तहमा हस्तान्तरित अनुदान रकम | **रु. करोडमा** | | | | | **11४६४** |
| **प्रदेशमा र स्थानीय तहमा हस्तान्तरित अनुदान रकम** | **रु. करोडमा** | | | | | **1४४२४** |
| तिर्न बाँकी आन्तरिक ऋण | रु. करोडमा | 11२००९ | 11४०५३ | 11८३५७ | 11८३५७ | 11९७५७ |
| तिर्न बाँकी बाह्य ऋण | रु. करोडमा | 11७1७३ | 11७३६३ | 11७७11 | 11७113 | 11७३६९ |
| **कुल तिर्न बाँकी सार्वजनिक ऋण** | **रु. करोडमा** | **२२९1८1** | **२३1४1६** | **२३६०६९** | **२३५४७०** | **२३७1२६** |
| आन्तरिक ऋण प्राप्ति | रु. करोडमा | 1३०६ | ४४२६ | ९७३1 | ९७३1 | 111३1 |
| बाह्य ऋण प्राप्ति | रु. करोडमा | २७२ | ८०३ | 1५५३ | 1७४1 | 1९९७ |
| **ऋण प्राप्ति (आन्तरिक र वाह्य)** | **रु. करोडमा** | **1५७८** | **५२२९** | **11२८४** | **11४७२** | **1३1२८** |
| आन्तरिक ऋणको सावाँ भुक्तानी | रु. करोडमा | २२०८ | ३२८३ | ४२८४ | ४२८४ | ४२८४ |
| बाह्य ऋणको सावाँ भुक्तानी | रु. करोडमा | 1२४ | ४६४ | ८६७ | 1६५३ | 1६५३ |
| **आन्तरिक र बाह्यऋणको सावाँ भुक्तानी** | **रु. करोडमा** | **२३३२** | **३७४८** | **५1५1** | **५९३७** | **५९३७** |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता | रु. करोडमा | 1०६३ | 1०६३ | **1३७८** | **४०६९** | **५८1७** |

| समष्टिगत आर्थिक परिसूचकहरु. | | | | | | |
|---|---|---|---|---|---|---|
| **सूचक/परिसूचकहरु.** | **आर्थिक वर्ष २०८०/८१** | | | | | |
| | **मान/ प्रतिशत** | **साउनसम्म** | **भाद्रसम्म** | **असोजसम्म** | **कार्तिकसम्म** | **मंसिरसम्म** |
| स्थायी लेखा नम्बर | (सङ्ख्यामा) | ५६३१२१९ | ५६९२६८० | ५७६८०३४ | ५७९७३४६ | ५८५४१२८ |
| **सार्वजनिक वित्त, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | |
| कर राजस्व | प्रतिशतमा | -०.७% | -२.१% | ५.३% | ३.४६% | ११.८५% |
| गैर कर राजस्व | प्रतिशतमा | -४.२% | ०.१% | २.३% | ०.२४% | ३.२१% |
| **कूल राजस्व** | **प्रतिशतमा** | **-१.१%** | **-१.९%** | **५.०%** | **३.२०%** | **११.१८%** |
| अन्य प्राप्ति | प्रतिशतमा | -११.६% | -२८.६% | -३२.१% | -३१.९९% | -३५.५५% |
| **जम्मा राजस्व/प्राप्ति** | **प्रतिशतमा** | **-२.३%** | **-४.९%** | **१.४%** | **०.३२%** | **७.५५%** |
| चालु खर्च | प्रतिशतमा | ११४.५% | -१९.४% | -४.६% | -३.६% | १.६% |
| पूँजीगत खर्च | प्रतिशतमा | -४४.६% | ३९.३% | -९.४% | १४.१% | ६.१% |
| वित्तीय व्यवस्था | प्रतिशतमा | ४६.१% | ७८.८% | ४२.१% | २५.८% | २१.२% |
| **कुल सार्वजनिक खर्च** | **प्रतिशतमा** | **५७.४%** | **-२.४%** | **०.९%** | **१.३%** | **४.१%** |
| **मुद्रा तथा बैंकिङ** | | | | | | |
| विस्तृत मुद्राप्रदाय (M2) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १०.८% | १२.०% | १४.०% | १४.२% | १४.४% |
| संकुचित मुद्राप्रदाय (M1) (वार्षिक बिन्दुगत)) | प्रतिशतमा | -९.८% | -३.९% | ३.४% | ५.४% | २.३% |
| एम ३ (M3) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १०.८% | १२.०% | १३.९% | १४.२% | १४.३% |
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ११.९% | १३.२% | १४.९% | १४.३% | १५.०% |
| कुल आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ७.३% | ७.६% | ९.०% | ८.८% | ८.५% |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ३.८% | ४.०% | ४.८% | ४.४०% | ४.५०% |
| निक्षेपको व्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ८.०% | ८.१% | ७.९०% | ७.७६% | ७.६२% |
| कर्जाको व्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | १२.२% | १२.२% | १२.११% | ११.९६% | ११.८५% |
| औषत आधारदर (वाणिज्य बैंक) | प्रतिशतमा | १०.१% | १०.१% | ९.९४% | ९.७४% | ९.६४% |
| वैक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल (सङ्ख्यामा) | (सङ्ख्यामा) | ११५७४ | ११५६७ | ११५७८ | ११५५५ | ११५७० |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | रुपैंयामा | २०३३ | १९६५ | १८६५ | १८५२ | १९९५ |
| बजार पूँजीकरण | रु. करोडमा | ३०४३०१ | २९६१३४ | २८६१५२ | २८५३०१ | ३०७६५२ |
| बीमा प्रिमियम सङ्कलन | रु. करोडमा | २३५९ | ३६२२ | ५१२६ | ६२१८ | ७७५१ |
| बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादि, लघुम्यादि बैदेशिक रोजगार जीवन बीमालेख सहित) | प्रतिशतमा | ४४.० | ४२.२ | ४३.४ | ४३.० | ४३.१ |
| **बाह्य क्षेत्र** | | | | | | |
| चालु खाता | रु. करोडमा | १२९८.५० | २३४९.७१ | ५९०९.३३ | ९६३८.०१ | १४०२३.१८ |
| चालु खाता (अमेरिकी डलरमा) | मिलियनमा | ९८.४७ | १७७.७० | ४४५.२० | ७२५.१२ | १०५४.०१ |
| शोधनान्तर स्थिति | रु. करोडमा | ३२९०.०७ | ५३६०.६४ | ९९०६.५७ | १४७१०.९९ | २१०५८.८४ |
| शोधनान्तर स्थिति (अमेरिकी डलरमा) | मिलियनमा | २४९.४९ | ४०५.६० | ७४७.१८ | ११०७.८६ | १५८३.९४ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रु. करोडमा | ११६०१.९१ | २२८३७.१३ | ३६५३३.९२ | ४७७९६.४५ | ६१३२५.३५ |

| समष्टिगत आर्थिक परिसूचकहरु. | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचक/परिसूचकहरु. | आर्थिक वर्ष २०८०/८१ | | | | | |
| | मान/ प्रतिशत | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कार्तिकसम्म | मंसिरसम्म |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | मिलियनमा | ८७९.७८ | १७२६.७५ | २७५५.९९ | ३६०१.५१ | ४६१६.१६ |
| कुल विदेशी विनिमय सञ्चिति | रु. करोडमा | १५७३१२ | १५९८९० | १६४३०९ | १६९६७८ | १७६७०४ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | मिलियनमा | ११८५२.०७ | १२०१२.७८ | १२३३०.९१ | १२७५३.८९ | १३३०५.०० |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिनामा | १२.५ | १२.६ | १२.४ | १३.६ | १४.१ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिनामा | १०.३ | १०.३ | १०.३ | ११.३ | ११.८ |
| कुल वस्तु निर्यात | रु. करोडमा | १३५२.८७ | २६४४.७० | ४०८७.४९ | ५०५६ | ६३२१ |
| कुल वस्तु आयात | रु. करोडमा | १२९२३.९० | २५९७४.९९ | ४०७७५.९० | ५१२५० | ६४२२१ |
| कुल वस्तु व्यापार घाटा | रु. करोडमा | ११५७१.०३ | २३३३०.२९ | ३६६८८.४१ | ४६१९४ | ५७९०० |
| वैदेशिक लगानी आप्रवाह | रु. करोडमा | २६४.६२ | २९९.८१ | ३३७.८८ | ३६४.८९ | ३९३.२५ |
| भ्रमण आय | रु. करोडमा | ४३८.९८ | ९३३.६१ | १७०१.६१ | २५७३.५४ | ३९३२.४६ |
| भ्रमण खर्च | रु. करोडमा | १७२५.५८ | ३५५९.५० | ५१८०.२९ | ६१९२.३६ | ७५७३.३१ |
| **बाह्य क्षेत्र, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | प्रतिशतमा | २५.८% | २२.१% | ३०.०% | २६.४% | २७.६% |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | प्रतिशतमा | २१.५% | १७.७% | २५.९% | २३.१% | २४.५% |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशतमा | ३१.३% | ३४.५% | ३१.८% | ३६.१% | ३६.७% |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशतमा | २५.८% | २८.५% | ३०.४% | ३२.८% | ३५.८% |
| वस्तु निर्यात | प्रतिशतमा | -८.७% | -७.८% | -२.३% | -३.८% | -६.१% |
| वस्तु आयात | प्रतिशतमा | -१.६% | -५.१% | १.७% | -७.७% | -३.४% |
| वस्तु व्यापार घाटा | प्रतिशतमा | -०.७% | -४.७% | २.१% | -३.३% | -३.१% |
| वैदेशिक लगानी आप्रवाह | प्रतिशतमा | ५४६.१% | २००.५% | ७९.१% | ६३.२% | ६३.०% |
| **अन्य** | | | | | | |
| कम्पनी दर्ता | सङ्ख्यामा | २१०२ | ४३९५ | ६९७५ | ८०८० | १००४२ |
| विनिमय दर ( $1 = रु. ...) | रुपैंयामा | १३२.४३ | १३२.८० | १३२.९५ | १३२.७४ | १३२.५१ |
| विद्युत् उपलब्धता, मासिक कुल | मेगावाट घण्टा | १४६८४८३ | १४५१०५२ | १४५६२९४ | ११८५१३० | ९७३५७८ |
| विद्युत् निर्यात , मासिक कुल | मेगावाट घण्टा | २५०४६१ | ३०३६९४ | ४०९६८८ | ३७९४२४ | ११५२३५ |
| विद्युत् आयात , मासिक कुल | मेगावाट घण्टा | १०५०१ | १४४२ | ४४२ | ० | २७५२८ |
| कुल विद्युत माग, मासिक कुल | मेगावाट घण्टा | १४७५७५८ | १४५३२१७ | १०४९९३५ | ८०६८२१ | ८६०९९८ |
| विद्युतको आन्तरिक खपत, मासिक कुल | मेगावाट घण्टा | १२१८०२२ | ११४७३५८ | १०४६६०५ | ८०५७०६ | ८५८३४३ |
| पर्यटक आगमन | सङ्ख्यामा | ६७१५३ | १५८१६५ | २७५४७१ | ३८४१०१ | ४८०६६९ |
| श्रम स्वीकृति (नयाँ र पुनःश्रम स्वीकृति) लिने नेपाली | सङ्ख्यामा | ५५५७५ | १०६४५९ | १६२६९४ | २०६३१६ | २७७५९२ |

संकलनः Economic Lab, EPAD (MoF)